
BPA 2018 | SAFA 2018 | L&D BFIN 2023

महालक्ष्मी विकास बैंक लि.

Mahalaxmi Bikas Bank Ltd.

सबल बैंक, सफल सहकार्य



# महालक्ष्मी बुलेटिन

YEAR 4-ISSUE 17

# Message from The CEO



Bodh Raj Devkota
Chief Executive Officer

Dear Valued Team Members,

I hope this message finds you in high spirits and good health. As we conclude fiscal year 2079/80, I would like to express my heartfelt gratitude for your unwavering dedication and hard work in the face of numerous challenges.

The past fiscal year proved to be exceptionally challenging, demanding our utmost resilience in terms of business growth and maintaining the quality of our assets (NPAs). Despite these hurdles, I am pleased to advise that we have achieved respectable growth in terms of deposits and digital banking products,. Our collective efforts have resulted in building a strong foundation of trust with our valued customers, who continue to entrust us with their financial aspirations. This achievement not only showcases our relentless dedication to customer satisfaction but also reinforces our position as a reliable financial partner within the community.

However, it is important to acknowledge that credit growth was far slower than anticipated due to the prevailing economic environment (slow demand of credit), higher interest rates and our own selected lending approach considering ever interest suspense and NPA level. While this presents us with an opportunity to introspect and innovate, it also reminds us of the importance of adaptability and strategic planning on timely manner. Our ability to foster responsible lending practices while nurturing customer relationships will be crucial as we move forward into the current fiscal year (2080/81). Additionally, the increased cost of operations and impairment (loan loss provisioning) emerged as the major challenges, significantly impacting our profitability. Despite these challenges, our perseverance and commitment have been resolute.

I would like to extend my appreciation to each and every one of you for your relentless efforts in successfully closing the last fiscal year. Your hard work, professionalism, and firm dedication have played a vital role in our performances. Each challenge we faced served as an opportunity for growth, and our ability to adapt and overcome obstacles has been noticeable.

As we embark on the current fiscal year (fiscal year 2080/81), I acknowledge that new challenges that are ahead. The important challenge is to business growth in view of increasing non-performing loans and low credit demand in the market and increase in cost of doing business.  However, I want to reassure you that we are well-equipped to overcome them. The Bank has made significant changes in its structure, enabling us to foster business growth and better serve our customers. We are confident that with our collective efforts, we will be able to meet the growth targets set by the Bank, for the current year which already been disseminated for implementation even though they are challenging. Together, we will seize every opportunity for success.

In order to achieve our targets, we will further strengthen and empower our provincial structure. By doing so, we can tap into regional potential, leveraging local insights to drive business growth. Moreover, the current fiscal year will be celebrated as the “Year of Credit Expansion,” emphasizing our commitment to fostering a healthy credit portfolio growth. We will focus on ensuring the healthy growth of our resources, onboarding customers to our digital platforms, and effectively implementing our Digital Banking Ecosystem as a part of customer service excellences for resource mobilization and revenue generation.

I have complete confidence in our team’s ability to rise to the occasion and turn challenges into triumphs. Together, we will surpass our goals, enhance our market position, and create sustainable value for our all stakeholders. Let us embark on this new fiscal year with renewed vigor, unity, and enthusiasm.

With Warm Regards,
CEO

# Financial Highlights

Financial Highlights as on Ashadh End 2080 as per unaudited Financial Report

**Deposit**
Ashadh 2080: 53.52 ARBA
Ashadh 2079: 45.90 ARBA
Change: 16.60%

**Loan**
Ashadh 2080: 40.88 ARBA
Ashadh 2079: 39.66 ARBA
Change: 3.08%

**Balance Sheet Size**
Ashadh 2080: 62.00 ARBA
Ashadh 2079: 54.80 ARBA
Change: 13.13%

**Depositors**
Ashadh 2080: 680,433
Ashadh 2079: 599,845
Change: 13.43%

**Net Profit**
Ashadh 2080: 47.10 CRORE
Ashadh 2079: 95.19 CRORE
Change: -50.52%

**Non Performing Loan**
Ashadh 2080: 3.51%
Ashadh 2079: 2.43%
Change: 44.44%

**Operating Profit**
Ashadh 2080: 71.57 CRORE
Ashadh 2079: 134.92 CRORE
Change: -46.95%

**Loan Customer**
Ashadh 2080: 21,550
Ashadh 2079: 20,454
Change: 5.36%

**Reserve**
Ashadh 2080: 2.36 ARBA
Ashadh 2079: 2.41 ARBA
Change: -1.95%

**Profit Before Tax**
Ashadh 2080: 71.33 CRORE
Ashadh 2079: 135.98 CRORE
Change: -47.54%

**Net Operating Income**
Ashadh 2080: 180.86 CRORE
Ashadh 2079: 239.13 CRORE
Change: -24.37%

**Net Worth Per Share**
Ashadh 2080: 156.65
Ashadh 2079: 160.09
Change: -2.15%

**Earning Per Share**
Ashadh 2080: 11.29
Ashadh 2079: 23.73
Change: -52.43%

**48**
No of ATM

**103**
No of Branches

# महालक्ष्मी विकास बैंक २९ औं वर्षमा प्रवेश




देशका शहरी तथा ग्रामीण क्षेत्रका विभिन्न १०३ स्थानहरुबाट बैंकिङ्ग सेवा प्रदान गर्दै आइरहेको यस महालक्ष्मी विकास बैंक मिति २०८० जेठ ०७ गतेदेखि २९ औं वर्षमा प्रवेश गरेको छ । यस अवसरमा बैंकले आफ्ना शाखाहरुमा विभिन्न सामाजिक हितका कार्यक्रमहरु आयोजना गर्नुका साथै २३ वटा शाखाहरु मार्फत रक्तदान कार्यक्रम, सम्पूर्ण कर्मचारीहरुको संस्कृति झल्काउने साँस्कृतिक कार्यक्रम, वित्तीय साक्षरता ऱ्याली, सम्पूर्ण शाखा कार्यालयहरुमा केक काट्ने कार्यक्रम, महालक्ष्मी कर्पोरेट क्रिकेट लिग - २०२३, (श्रृङ्खला २) लगायत विभिन्न कार्यक्रमहरुको आयोजना गरी २९ औं वार्षिकोत्सव मनाएको छ। २९ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा बैंकले आदरणीय ग्राहक महानुभाव, शेयरधनी, नियमनकारी निकायहरुलाई कृतज्ञता जाहेर गर्दै यस २८ वर्षको दौरानमा प्राप्त सहयोग प्रति बैंक सबैमा आभार व्यक्त गर्दछ। आदरणीय ग्राहकवर्ग, शुभचिन्तक, नियामक निकाय एवं शेयरधनीहरुबाट प्राप्त विश्वास, स्नेह, सद्भाव र मार्गनिर्देशनको लागि यस बेंकले धन्यवाद व्यक्त गर्नुका साथसाथै ग्राहकको सन्तुष्टि र संस्थागत सुशासनलाई आत्मसात् गर्दै भविष्यमा अझ सरल, सहज र विश्वसनीय बैकिङ्ग सेवाको पहुँच नेपाली जनता माझ पुऱ्याउने प्रतिवद्धता व्यक्त गर्दछ।

# महालक्ष्मी कर्पोरेट क्रिकेट लिग २०२३ सम्पन्न, विजेता प्राइम कमर्सियल बैंक




महालक्ष्मी विकास बैंकले 'महालक्ष्मी कर्पोरेट क्रिकेट लिग - २०२३' (श्रृङ्खला २) आयोजना गरेको छ। बैंकले आफ्नो २९ औं वार्षिकोत्सवको अवसर पारेर २०८० साल जेठ २० गते शनिबार देखि २२ गते सोमबार (तिन दिन) सम्म ललितपुरको इमाडोल स्थित बलपार्क इन्डोर क्रिकेटमा आयोजना भएको उक्त प्रतियोगितामा विभिन्न बैंक तथा वित्तीय संस्थाका १६ टोलिले सहभागिता जनाएका थिए । मिति २०८० जेठ १७ गते आयोजित पत्रकार सम्मेलनमा आयोजक महालक्ष्मी विकास बैंकका प्रमुख कार्यकारी अधिकृत श्री बोधराज देवकोटाले प्रतियोगिताको विजेता ट्रफी र बैंकका साहायक प्रमुख कार्यकारी अधिकृत

श्री जलज कुमार अधिकारीले जर्सी सार्वजनिक गर्नु भएको थियो । क्रिकेट लिगका प्राविधिक निर्देशक श्री रविन्द्र गुप्ताले लिगका नियमहरुका बारेमा प्रकाश पार्नुका साथै समुह विभाजन गर्नुभएको थियो ।

उक्त क्रिकेटको शुभारम्भ २०८० साल जेठ २० गते शनिबारका दिन बैंकका सञ्चालक समितिका अध्यक्ष श्री राजेश उपाध्यायले क्रिकेट लिगका प्राविधिक निर्देशक श्री रविन्द्र गुप्तालाई ब्याट तथा बल हस्तान्तरण गरी गर्नु भएको थियो ।

बैंकले २०८० साल जेठ २४ गते बुधबारका दिन एक कार्यक्रमका बिच 'महालक्ष्मी कर्पोरेट क्रिकेट लिग २०२३' का विजेताहरुलाई पुरस्कार वितरण कार्यक्रम सम्पन्न गरेको थियो। २०८० साल जेठ २० गते शनिबार देखि २२ गते सोमबार (तिन दिन) सम्म इमाडोल स्थित बलपार्क इन्डोर क्रिकेटमा सम्पन्न उक्त प्रतियोगिताको उपाधि प्राइम कमर्सियल बैंक लिमिटेडले जित्न सफल भएको थियो भने माछापुच्छ्रे बैंकले द्वितिय स्थान हासिल गर्न सफल भएको थियो । उक्त प्रतियोगितामा विभिन्न बैंक तथा वित्तीय संस्थाका १६ टिमले सहभागिता जनाएका थिए ।

नेपाल राष्ट्र बैंकका डेपुटी गर्भनर श्री बम बहादुर मिश्रको प्रमुख आतिथ्यतामा २०८०/०२/२४ गते काठमाडौंमा आयोजित कर्यक्रममा विजेता प्राइम कमर्सियल बैंक, द्वितिय माछापुच्छ्रे बैंक, उत्कृष्ट फिल्डर एनआईसी एसिया बैंकका सञ्जय गिरी, उत्कृष्ट विकेट - किपर एनआईसी एसिया बैंकका रितेश अधिकारी, उत्कृष्ट बलर कामना सेवा विकास बैंकका छितेन दोर्जे शेर्पा, उत्कृष्ट ब्याट्सम्यान कामना सेवा विकास बैंकका शमिर थापा क्षेत्री, उत्कृष्ट खेलाडी प्राइम कमर्सियल बैंकका क्रितार्थ शाक्य लगायत ३१ खेलमा उत्कृष्ट खेल प्रर्दशन गर्ने खेलाडीहरुलाई म्यान अफ दि म्याचको ट्रफी प्रदान गरिएको थियो । नेपाल राष्ट्र बैंकका डेपुटी गर्भनर श्री बम बहादुर मिश्र र महालक्ष्मी विकास बैंक लिमिटेडका अध्यक्ष श्री राजेश उपाध्यायले संयुक्त रुपमा खेलाडीहरुलाई ट्रफी तथा मेडल प्रदान गर्नुभएको थियो ।

उक्त कार्यक्रममा बोल्दै नेपाल राष्ट्र बैंकका डेपुटी गर्भनर श्री बम बहादुर मिश्रले यस क्रिकेट लिग लगायत अन्य सामुहिक खेलले बैंक तथा वित्तीय संस्थाहरु बिच भाइचारा, आत्मियता, सद्भाव, मित्रता बढाउन थप सहयोग पुग्नुका साथै कर्मचारीहरुलाई बैंकिङ गतिविधिमा मात्रै सिमित नराखि उनिहरुलाई मनोञ्जन प्रदान गर्न र उत्पादनशीलतामा वृद्धि गर्न मद्दत पुग्ने बताउनु भएको थियो । कार्यक्रममा बोल्दै महालक्ष्मी विकास बैंक लिमिटेडका अध्यक्ष श्री राजेश उपाध्यायले खेलमा हार र जित स्वभाविक प्रक्रिया रहेको र यस्ता खेलहरुले कर्मचारीहरुमा समुह निर्माण गर्न, समुहमा नेतृत्वदायी भुमिका निर्वाह गर्न, कार्यकुशलतामा अभिवृद्धि गर्न मद्दत पुऱ्याउने हुदा समयसमयमा यस्ता गतिविधि सञ्चालन गर्नु जरुरी रहेको बताउनु भएको थियो ।



# भौगोलिक तथा सांस्कृतिक अवस्थाको उजागर कार्यक्रम

२९ औं वार्षिकोत्सवको अवसरमा बैंकले शाखाहरुमा देशको भौगोलिक तथा सांस्कृतिक अवस्थाको उजागर गर्न कर्मचारीहरुलाई स्थानीय भेषभूषामा बैंकमा उपस्थित गराई सम्पूर्ण शाखा, प्रादेशिक कार्यालय तथा केन्द्रीय कार्यालयका विभागहरु बिच फोटो प्रतिस्पर्धा गराईएको थियो । उक्त प्रतिस्पर्धामा राजापुर शाखाले प्रथम, ठुटिपिपल शाखाले द्वितिय र मनहरी शाखाले तृतीय स्थान हासिल गर्न सफल भएका थिए ।



*प्रथम स्थान हासिल गर्न सफल राजापुर शाखा*



*द्वितिय स्थान हासिल गर्न सफल ठुटिपिपल शाखा*



*तृतीय स्थान हासिल गर्न सफल मनहरी शाखा*

# २३ वटा शाखामा रक्तदान कार्यक्रम सम्पन्न

बैंकले २९ औं वार्षिकोत्सवको अवसरमा वृहत रुपमा रक्तदान कार्यक्रम सम्पन्न गरेको थियो । बैंकले विभिन्न २३ वटा शाखाहरु मार्फत रक्तदान कार्यक्रम सम्पन्न गरी कुल ७३४ पिन्ट रगत संकलन गरेको थियो । स्वास्थ्य क्षेत्रमा अभावका रुपमा देखापर्ने रगत व्यवस्थापनमा सहजता होस् भन्ने उद्देश्यले बैंकले २९ औं वार्षिकोत्सवको अवसर पारेर रक्तदान कार्यक्रम सञ्चालन गरेको हो ।



# वित्तीय साक्षरता कार्यक्रम सम्पन्न

२९ औं वार्षिकोत्सवको अवसरमा बैंकका शाखा, प्रादेशिक तथा केन्द्रीय कार्यालयका कर्मचारीहरुको सहभागितामा काठमाडौंमा र सम्पूर्ण प्रादेशिक कार्यालयहरुका (आठ वटा) विभिन्न स्थानहरुमा शाखा तथा प्रादेशिक कार्यालयका कर्मचारीहरुको सहभागितामा २०८० साल जेष्ठ ६ गते, शनिबार बिहान ७:३० देखि ८:३० सम्म वित्तीय साक्षरताका निम्ति प्रभातफेरी कार्यक्रम सम्पन्न गरिएको थियो। उक्त प्रभातफेरी कार्यक्रममा बैंकिङ्ग सेवाहरुः जस्तै मोवाईल बैंकिङ्ग, स्मार्ट क्यूआर, निक्षेप, कर्जा, विप्रेषण आदिसँग सम्बन्धित प्लेकार्डहरुको प्रयोग गरिएको थियो।






# महालक्ष्मी विकास बैंक को “महालक्ष्मी नँया वर्ष धमाका” योजना

बैंकले डिजिटल बैंकिङ्गलाई प्रोत्साहन गर्ने उद्देश्यले महालक्ष्मी मोबाईल एप प्रयोगकर्ताहरुको लागि “महालक्ष्मी नँया वर्ष धमाका” योजना सञ्चालनमा ल्याएको थियो। यस योजना अन्तर्गत महालक्ष्मी मोबाईल एप प्रयोग गरी मिति २०८० बैशाख ०१ देखि ३१ गतेसम्म न्यूनतम रु.२०० मोवाइल टपअपको कारोबार गर्ने ग्राहकहरु मध्ये विराटनगर शाखा र संतुङ्गल शाखाका दुई भाग्यशाली ग्राहकहरुले २ रात ३ दिनको पोखरा भ्रमणको प्याकेज प्राप्त गरेका थिए।




# केक काट्ने कार्यक्रम सम्पन्न

२९ औं वार्षिकोत्सवको अवसरमा केन्द्रीय, प्रादेशिक तथा शाखा कार्यालयहरुमा २०८० साल जेष्ठ ७ गते, आइतबार केक काट्ने कार्यक्रम सम्पन्न गरिएको थियो ।



# क्रेडिट कार्ड सेवाको शुभारम्भ




बैंकले ग्राहकहरुको डिजिटल बैंकिङ्गको आवश्यकता र चाहनालाई मध्यनजर गर्दै बैंकको २९ औं वार्षिकोत्सवको अवसरमा VISA क्रेडिट कार्ड सेवाको शुभारम्भ गरेको छ। क्रेडिट कार्ड प्रयोगकर्ताले Point of Sale (POS Machine), अनलाईन कारोबार तथा भिजा कार्ड स्वीकार गर्ने ATM बाट सजिलै नगद झिक्न, POS मार्फत भुक्तानी गर्न र वस्तु वा सेवाहरु खरिद गर्न सक्नेछन् । कार्ड मार्फत नगद झिक्दा, अनलाईन भुक्तानी गर्दा र वस्तु वा सेवाहरु खरिद गर्दा अधिकतम ४५ दिन सम्म व्याज नलाग्ने, क्रेडिट कार्ड सिमा १५ हजार देखि ५ लाखसम्म पाउने तथा नेपाल, भारत र भुटानमा सजिलै प्रयोग गर्न सकिने जस्ता विशेषताहरु क्रेडिट कार्ड सेवामा उपलब्ध छन् ।

# आठौं मिष्टर हिमालय राष्ट्रिय शारीरिक सुगठन प्रतियोगितालाई महालक्ष्मीको साथ

बैंकले 'स्वस्थ मानसिकताको लागि स्वस्थ शरीर, स्वस्थ शरीरको लागि शारीरिक व्यायाम' भन्ने धारणा जनतासम्म पुऱ्याउन आयोजित आठौं मिष्टर हिमालय राष्ट्रिय शारीरिक सुगठन प्रतियोगिता सञ्चालनका लागि प्रायोजन सहयोग गरेको थियो । नेपाल शारीरिक सुगठन तथा फिटनेस महासंघद्वारा २०८० साल आषाढ ८ गते शुक्रबारका दिन आयोजित आठौं मिष्टर हिमालय राष्ट्रिय शारीरिक सुगठन प्रतियोगितालाई सफल बनाउनका लागि बैंकले प्रायोजन रकम सहयोग गरेको थियो । नेपाल जस्तो विकासशील राष्ट्लाई अन्तराष्ट्रिय स्तरमा चिनाउन खेलकुदको महत्वपूर्ण भूमिका रहेकाले शारीरिक सुगठन खेल क्षेत्रलाई विकसित गर्दै लैजाने अभिप्रायले उक्त प्रतियोगिताको आयोजना गरिएको थियो ।





## तालिम तथा विकास



*Fire Safety & Evacuation Drilling at Itahari 2080.03.31*



*First Aid training at Birgunju 2080.01.30*



*AMLCFT & Cyber Security Awareness at Dadeldhura 2080.02.20*



*HR Workshop at Dhulikhel 2080.03.08-09*

## Training Details of 4th Quarter (2079/80)

| SN | Training/Seminar/Conference Title | No. of Participants |
|---|---|---|
| 1 | AML/CFT, Transaction Banking & Cyber Security Awareness | 31 |
| 2 | First Aid Training | 17 |
| 3 | Working Capital Loan Guidelines | 15 |
| 4 | Fire Safety & Evacuation Drill | 11 |
| 5 | Effective Workplace Communication Skills | 10 |
| 6 | Operation Risk & Banking Fraud | 8 |
| 7 | Payment systems related legal & regulatory provision | 8 |
| 8 | Working Capital Loan Analysis & Management | 6 |
| 9 | Credit Administration Management | 5 |
| 10 | CSD Excellence Program | 5 |
| 11 | HR Workshop- 2023 | 5 |
| 12 | Mind Management | 5 |
| 13 | Operational Risk Management | 5 |
| 14 | Positive Attitude & Stress Management | 5 |
| 15 | NFRS 9: Financial Instruments | 4 |

| SN | Training/Seminar/Conference Title | No. of Participants |
|---|---|---|
| 16 | Document Forgery, Verificaiton of Signature | 3 |
| 17 | Financial Reporting for Sustainable Economy | 3 |
| 18 | Managing foreign exchange business and associated risk | 3 |
| 19 | NFRS 9: Preparing for expected credit loss | 3 |
| 20 | Building your sales through sales & service | 2 |
| 21 | Practical Approaches for Loan Recovery | 2 |
| 22 | AML 7th Summit- 2023 | 1 |
| 23 | Cash Management & Teller Operation | 1 |
| 24 | Cyber Security & Fraud Risk Management | 1 |
| 25 | Ensuring AML/CFT Compliance in Business | 1 |
| 26 | Environment and Social Risk Management | 1 |
| 27 | Management Development Program | 1 |
| 28 | NCHL ECC/IPS OPERATION | 1 |
| 29 | Training on LMSfs | 1 |
| 30 | Working Capital Loan Analysis & Ma nagement | 1 |
| | Total | 165 |

# Top Performer Branches

## A. Monthly Saving Account Opening Target Achievers FY 2079/80

| Baishakh | Jestha | Ashadh |
|---|---|---|
| Bethari Branch | Manigram Branch | Thutipipal Branch |
| Manigram Branch | Ghorahi Branch | Bethari Branch |
| Dhakdhai Branch | Suryapura  Branch | Parasi Branch |
| Simra Branch | Mahilwar Branch | Mahilwar Branch |
| Ghorahi Branch | Martadi-Bajura Branch | Manigram Branch |
| Pipalla Branch | Simra Branch | Bansgadhi Branch |
| Mahilwar Branch | Palung Branch | Gongabu Branch |
| Gongabu Branch | Gongabu Branch | Chandrauta Branch |
| Amarpath Branch | Damauli Branch | Ghorahi Branch |
| Pakadi Branch | Hetauda Branch | Martadi-Bajura Branch |
| Surya Pura  Branch | Birtamod Branch | Simra Branch |
| Birtamod Branch | Sisuwa Branch | |
| Martadi-Bajura Branch | Tulsipur Branch | |
| Lalbandi Branch | Chandrauta Branch | |
| Hetauda Branch | Amarpath Branch | |
| Parasi Branch | Pakadi Branch | |
| Thutipipal Branch | Parasi Branch | |
| Bauniya Branch | Lamahi Branch | |
| Chandrauta Branch | Bansgadhi Branch | |
| Palung Branch | Bethari Branch | |
| Gokuleswor Branch | Bichbazar Branch | |
| Nayabazar(Pkr)Branch | Charikot Branch | |
| | Dhakdhai Branch | |
| | Masuriya Branch | |
| | Kamane Branch | |
| | Itahari Branch | |
| | Gokuleswor Branch | |
| | Biratnagar Branch | |
| | Thutipipal Branch | |

## B. Monthly QR Code Target Achievers FY 2079/80

| Falgun | Chaitra | Baishakh | Jestha |
|---|---|---|---|
| Maharajgunj Branch | Rajapur Branch | Belauri Branch | Manigram Branch |
| Chainpur-Bajang Branch | Charikot Branch | Suryapura Branch | Suryapura Branch |
| Belauri Branch | Sanobharyang Branch | Chainpur-Bajang Branch | Mahilwar Branch |
| Martadi-Bajura Branch | Palung Branch | Basundhara Branch | Belauri Branch |
| Dhakdhai Branch | Dhakdhai Branch | Sanobharyang Branch | Sanobharyang Branch |
| Bardibas Branch | Maharajgunj Branch | Manigram Branch | Dhakdhai Branch |
| Lahan Branch | Belauri Branch | | |
| Sanobharyang Branch | Manahari Branch | | |
| Manigram Branch | Kamane Branch | | |
| Suryapura Branch | Rupani Branch | | |
| | Suryapura Branch | | |
| | Bardibas Branch | | |
| | Basundhara Branch | | |
| | Tinchuli Branch | | |
| | Martadi-Bajura Branch | | |
| | Nayabazar(Pkr) Branch | | |
| | Manigram Branch | | |

# संस्थागत सामाजिक उत्तरदायित्व

यस महालक्ष्मी विकास बैंक लि. ले स्थापनाकालदेखि नै विभिन्न संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत आफ्ना शाखाहरु मार्फत विभिन्न कार्यहरु गर्दै आएको छ । देशैभरी फैलिएका यस महालक्ष्मी विकास बैंक लि. का विभिन्न शाखाहरुमार्फत अनवरत रुपमा शिक्षा, स्वास्थ्य, वातावरणीय सरसफाई जस्ता प्रमुख क्षेत्रहरुमा उल्लेखनिय योगदान दिने कार्यलाई निरन्तरता दिदैं निम्न बमोजिमको सामाजिक हितका कार्यहरु गरेको थियो ।

## विद्यार्थीहरुका लागि स्कुल ब्याग वितरण



बैंकले जुनकिरी पब्लिक विद्यालय साँखुमा अध्ययनरत विद्यार्थीहरुका लागि मिति २०८०/०१/१३ गतेका दिन विद्यालय झोला वितरण कार्यक्रम सम्पन्न गरेको थियो । बैंकले विगत ३३ बर्षदेखि शिक्षाको पँहुचबाट पिछडिएका करिब दुई लाख बालबालिकाहरुको लागि नेपालभर ५८ विद्यालय स्थापना गरी शिक्षा प्रदान गरिरहेको राउन्ड टेबल नेपाललद्वारा करिब एक हजार विद्यार्थीहरुका लागि प्रदान गर्न लागेको छात्रवृत्ती कार्यक्रमसँग सहकार्य गर्दै स्कुल ब्याग सहयोग गरेको हो । बालबालिकालाई शिक्षाको अवसर सँगसँगै अध्ययनका लागि आवश्यक शैक्षिक सामाग्रीहरु मध्ये ब्यागको सुविधा पुऱ्याउने हेतुले बैंकले उक्त सहयोग गरेको थियो । उक्त कार्यक्रममा प्रतिनिधि सभाका उपसभामुख इन्दिरा राना मगर, शंखरापुर नगरपालिकाका मेयर रमेश नापित, विद्यालयका शिक्षक तथा विद्यार्थीहरु, राउन्ड टेबल नेपालका अध्यक्ष राहुल अग्रवाल तथा पदाधिकारीहरु र बैंकका तर्फबाट निक्षेप बजारीकरण तथा संस्थागत सम्पर्क विभागका प्रमुख बसन्त बक्सी तथा बाग्मती प्रदेश 'क' का प्रदेश प्रबन्धक प्रकाश घिमिरेको उपस्थिती रहेको थियो ।

## बैंकद्वारा छात्रवृत्ती वितरण



बैंकले कर्णाली प्रदेश पर्यटकीय तथा साँस्कृतिक संरक्षण केन्द्रलाई कालिकोट जिल्लाका पाँच विद्यार्थीहरुको दश जोड दुई वा डिप्लोमा अध्ययनमा सहयोग पुऱ्याउनका लागि मिति २०८०/०३/२० गतेका दिन दुई लाख पचास हजार बराबरको छात्रवृत्ती प्रदान गरेको थियो । बैंकले कालिकोट जिल्लाका सरकारी विद्यालबाट एसइई उत्तिर्ण गरी काठमाडौं वा अन्य जिल्लामा गई थप अध्ययन गर्न ईच्छुक, अध्ययनमा उत्कृष्ट तर पारिवारिक आर्थिक स्थिति कमजोर भएका विद्यार्थीको अध्ययनमा सहयोग पुऱ्याउने उद्देश्यले वागीश्वरी मा. वि., भक्तपुरमा अध्ययनरत दत्त कठायत, लोयल्टी एकेडेमी, बुढानिलकण्ठमा अध्ययनरत इश्वरी शाही, भैरव मा. वि., सुर्खेतमा अध्ययनरत भावना शाही, ब्रेन ल्याण्ड एकेडेमी, बुढानिलकण्ठमा अध्ययनरत सृष्टी शाही र रिलायन्स इन्टर नेसनल एकेडेमी, चावहिलमा अध्ययनरत सृष्टी कुमारी शाहीलाई प्रति विद्यार्थी रु.पचास हजार बराबरको छात्रवृत्ती उपलब्ध गराएको थियो ।

## हरि प्रसाद गिरी जेहेन्दार छात्रवृत्ती हस्तान्तरण



बैंकले श्री त्रिभुवन हनुमान माध्यामिक विद्यालय बिरगंज, पर्सामा कक्षा नौ मा अध्ययनरत छात्र श्री जीवन राजवंशीलाई मिति २०८०/०१/१३ गतेका दिन स्वर्गीय श्री हरि प्रसाद गिरी जेहेन्दार छात्रवृत्ती प्रदान गरेको थियो । अध्ययनमा उत्कृष्ट तर पारिवारिक आर्थिक स्थिति कमजोर भएकोले विद्यार्थीको अध्ययनमा सहयोग पुऱ्याउने उद्देश्यले बैंकले रु.पचास हजार बराबरको छात्रवृत्ती उपलब्ध गराएको थियो ।

## रोटरी क्लब अफ गैडाकोटलाई आर्थिक सहयोग



बैंकको हाकिमचोक शाखाले गैंडाकोट नगरपालिका वडा नं ३ मा अवस्थित भुजेल गाँउका अति विपन्न घरधुरीका लागि निर्मित ३५ वटा शौचालयको रंङरोगन एवं सन्देशमुलक स्वास्थ्य तथा सरसफाई सम्बन्धी सन्देश लेखाइका निमित्त रोटरी क्लब अफ गैडाकोटलाई मिति २०८०/०२/१२ गतेका दिन रु.दुई लाख पचास हजार बराबरको आर्थिक सहयोग प्रदान गरेको थियो ।

## राष्ट्रभाषा माध्यमिक विद्यालयलाई आर्थिक सहयोग



बैंकको साँफे शाखाले बान्नीगढी जयगढ गाँउपालिका वडा नं १ गाँञामा अवस्थित श्री राष्ट्रभाषा माध्यमिक विद्यालयलाई पर्खाल तथा खेल मैदान निर्माण र प्रभावकारी कक्षा सञ्चालनका लागि मिति २०८०/०३/१५ गतेका दिन रु. एक लाख पचास हजार बराबरको आर्थिक सहयोग प्रदान गरेको थियो ।

## बाल कल्याण विद्यालयलाई शैक्षिक सामाग्री हस्तान्तरण



बैंकको कालिमाटी शाखाले चन्द्रागिरी नगरपालिका, कीर्तिपुरमा अवस्थित श्री बाल कल्याण विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि मिति २०८०/०२/१४ गतेका दिन विद्यालय पोसाक तथा आवश्यक शैक्षिक सामाग्री हस्तान्तरण गरेको थियो ।

## अशोक श्रेष्ठ जेहेन्दार छात्रवृत्ति वितरण



बैंकले श्री अमर माध्यामिक विद्यालय हेटौंडा, पर्सामा कक्षा नौ मा अध्यनरत छात्रा श्री सुमिना भोम्जनलाई मिति २०८०/०३/२२ गतेका दिन स्वर्गीय श्री अशोक श्रेष्ठ जेहेन्दार छात्रवृत्ति प्रदान गरेको थियो । अध्ययनमा उत्कृष्ट तर पारिवारिक आर्थिक स्थिति कमजोर भएकोले विद्यार्थीको अध्ययनमा सहयोग पुऱ्याउने उद्देश्यले बैंकले रु.पचास हजार बराबरको छात्रवृत्ती उपलब्ध गराएको थियो ।

## ईश्वर आधारभुत विद्यालयलाई शैक्षिक सामाग्री हस्तान्तरण



बैंकको सानोभऱ्याङ्ग शाखाले काठमाडौं महानगरपालिका वडा नं १५, स्वयम्भुमा अवस्थित श्री ईश्वर आधारभुत विद्यालयका लागि मिति २०८०/०२/२५ गतेका दिन दराज, तथा विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि विद्यालय पोसाक र शैक्षिक सामाग्रीहरु हस्तान्तरण गरेको थियो ।

## भैरहवा नमूना माध्यमिक विद्यालयलाई जेनेरेटर हस्तान्तरण



बैंकको बेथरी शाखाले रुपन्देहीको सिद्धार्थनगर - ५ स्थित भैरहवा नमूना माध्यमिक विद्यालयलाई मिति २०८०/०३/३१ गतेका दिन जेनेरेटर हस्तान्तरण गरिएको छ । विद्यालयको आवश्यकतालाई मध्यनजर गर्दै बैंकले उक्त सहयोग प्रदान गरेको थियो ।

## मेउडिहवा आधारभूत विद्यालयमा साइकल पार्किङ्ग स्थल निर्माण



बैंकको भैरहवा शाखाले सिद्धार्थनगर नगरपालिका वडा नं २ मेउडिहवामा अवस्थित श्री मेउडिहवा आधारभूत विद्यालयमा साइकल पार्किङ्ग स्थल निर्माण गरी मिति २०८०/०३/१७ गतेका दिन विद्यालयलाई हस्तान्तरण गरेको थियो ।

## विराटेश्वर वृद्धाश्रम सेवा समितिलाई आर्थिक सहयोग



बैंकको विराटनगर शाखाले विराटनगर नगरपालिका वडा नं ८ मा अवस्थित विराटेश्वर वृद्धाश्रम सेवा समितिलाई सभाहल निर्माणका निमित्त मिति २०८०/०३/२५ गतेका दिन रु. पचास हजार बराबरको आर्थिक सहयोग प्रदान गरेको थियो ।

## पुल्चोक क्याम्पसलाई आर्थिक सहयोग



बैकको केन्द्रीय कार्यालयले पुल्चोक क्याम्पस (इन्स्टीच्युट अफ इन्जिनियरिङ्ग), पुल्चोक ललितपुरलाई कम्बोडियामा आयोजित ABU Asia – Pacific Robot Contest (ABU Robocon) 2023 कार्यक्रममा सहभागिता जनाउनका लागि मिति २०८०/०३/२२ गतेका दिन रु.एक लाख बराबरको आर्थिक सहयोग प्रदान गरेको थियो ।

## नविन माध्यमिक विद्यालयलाई वाटर डिस्पेन्सर हस्तान्तरण



बैंकको चिप्लेढुङ्गा शाखाले पोखरा महानगरपालिका वडा नं ४ मा अवस्थित श्री नविन माध्यमिक विद्यालयलाई सहयोग स्वरुप मिति २०८०/०३/२६ गतेका दिन वाटर डिस्पेन्सर हस्तान्तरण गरेको थियो ।

## बेलौरी नगर खेलकुद समितिलाई खेलकुद सामाग्री हस्तान्तरण



बैंकको बेलौरी शाखाले बेलौरी नगर खेलकुद समितिलाई मिति ०८०/०३/२२ गतेका दिन खेलकुद सामाग्रीहरु हस्तान्तरण गरेको थियो ।

## कन्या गुरुकुललाई आर्थिक सहयोग



बैंकको बिर्तामोड शाखाले शिवसताक्षी नगरपालिका वडा नं १०, साईधार झापामा अवस्थित दित्यपथ महिला सरोकार समाजलाई संस्थाले सञ्चालनमा ल्याएको श्री सरस्वती कन्या गुरुकुलमा अध्ययनरत २५ जना विद्यार्थीहरुको आवासका लागि निर्माणाधीन भवनका लागि मिति २०८०/०२/०८ गतेका दिन रु. एकाउन्न हजार बराबरको आर्थिक सहयोग प्रदान गरेको थियो ।

## मानवसेवा आश्रमलाई खाद्यान्न सहयोग



बैंकको सुर्खेत शाखाले बिरेन्द्रनगर नगरपालिका वडा नं १२ मा अवस्थित मानवसेवा आश्रमलाई मिति २०८०/०३/१५ गतेका दिन खाद्यान्न, फलफुल, तरकारी तथा दैनिक अत्यावश्यक सामाग्री प्रदान गरेको थियो ।

## नीलकट्टी माध्यमिक विद्यालयलाई कुर्सी सहयोग



बैंकको चैनपुर शाखाले जयपृथ्वी नगरपालिका वडा नं ११, दैकुमालामा अवस्थित श्री नीलकट्टी माध्यमिक विद्यालयलाई मिति २०८०/०३/११ गतेका दिन तीस थान कुर्सी प्रदान गरेको थियो ।

## प्रतिभा मार्ग टोल विकास संस्थालाई डष्टविन सहयोग



बैंकको लेकसाइड शाखाले पोखरा महानगरपालिका वडा नं ८ को फोहोर व्यवस्थापन गर्नका लागि प्रतिभा मार्ग टोल विकास संस्थालाई मिति २०८०/०३/०६ गतेका दिन डष्टविन हस्तान्तरण गरेको थियो ।

## कालिञ्चोक माध्यमिक विद्यालयलाई खेलकुद सामाग्री हस्तान्तरण



बैंकको चरिकोट शाखाले कालिञ्चोक माध्यमिक विद्यालय, चरिकोटलाई विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अध्ययनका साथसाथै चौतर्फी विकासमा सहयोग पुऱ्याउने उद्देश्यले मिति २०८०/०२/१९ गतेका दिन खेलकुद सामाग्री हस्तान्तरण गरेको थियो।

## महेन्द्र राष्ट्रिय माध्यमिक विद्यालयलाई स्मार्ट टेलिभिजन हस्तान्तरण



बैंकको भाटभटेनी र तीनचुली शाखाले काठमाडौं महानगरपालिका वडा नं ४, बालुवाटारमा अवस्थित महेन्द्र राष्ट्रिय माध्यमिक विद्यालयलमा प्रारम्भिक बाल कक्षामा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न र अध्ययनलाई प्रविधि मैत्री बनाउन विद्यालयलाई मिति २०८०/०१/२९ गतेका दिन एक थान स्मार्ट टेलिभिजन हस्तान्तरण गरेको थियो।

## सृजनशील अपाङ्ग आवाजलाई आर्थिक सहयोग



बैंकको मैतिदेवी शाखाले सृजनशील अपाङ्ग आवाज नेपालमा बस्ने १२ जना अपाङ्गता भएका महिलाहरुको दैनिक आवश्यकताहरु पुरा गर्नका लागि उक्त संस्थालाई मिति २०८०/०१/१० गतेका दिन रु.पच्चिस हजार बराबरको आर्थिक सहयोग प्रदान गरेको थियो।

## अरनिको प्राथामिक विद्यालयलाई स्कुल ब्याग तथा शैक्षिक सामाग्री हस्तान्तरण



बैंकको दमक शाखाले कलम गाँउपालिका वडा नं ७, झर्काहा झापामा अवस्थित श्री अरनिको प्राथामिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि मिति २०८०/०२/०५ गतेका दिन स्कुल ब्याग तथा आवश्यक शैक्षिक सामाग्री हस्तान्तरण गरेको थियो।

## नबराज बहादुर सिंह जेहेन्दार छात्रवृत्ती हस्तान्तरण



बैंकले श्री त्रिनगर माध्यामिक विद्यालय धनगढी, केलालीमा कक्षा नौ मा अध्ययनरत छात्रा श्री हिरा कुमारी जोशीलाई स्वर्गीय श्री नबराज बहादुर सिंह जेहेन्दार छात्रवृत्ति प्रदान गरेको छ। अध्ययनमा उत्कृष्ट तर पारिवारिक आर्थिक स्थिति कमजोर भएकोले विद्यार्थीको अध्ययनमा सहयोग पुऱ्याउने उद्देश्यले बैंकले मिति २०८०/०३/०८ गतेका दिन रु.पचास हजार बराबरको छात्रवृत्ती उपलब्ध गराएको थियो।

## बैंकद्वारा प्रा. डा. गोविन्दराज भट्टराई सम्मानित



बैंकको हेटौंडा शाखाले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तरर्गत मातृभुमी साहित्य समाजसँग समन्वय गरी वार्षिक रुपमा प्रदान गर्दै आइरहेको महालक्ष्मी साहित्य पुरस्कार-२०७९ द्वारा प्रा. डा. गोविन्दराज भट्टराईलाई सम्मानित गरेको छ। बैंकको बागमती प्रदेश 'ख' का प्रादेशिक प्रबन्धक श्री शम्भु प्रसाद पराजुलीले मिति २०८०/०४/०६ गतेका दिन रु. ५१,०००/- (रु. एकाउन्न हजार मात्र) राशीको उक्त पुरस्कार (रकम बराबरको चेकका साथै सम्मानपत्र) प्रा. डा. गोविन्दराज भट्टराईलाई हस्तान्तरण गर्नुभयो। साहित्यकार भट्टराईले विभिन्न विधाहरुमा ६५ कृति प्रकाशन गरी नेपाली साहित्य क्षेत्रमा पुऱ्याएको योगदानको कदर स्वरुप बैंकले उक्त पुरस्कारबाट सम्मान गरेको थियो।

## आजाद माध्यमिक विद्यालयलाई स्कुल ब्याग हस्तान्तरण




बैंकको भक्तपुर शाखाले चाँगुनारायण नगरपालिका वडा नं २, झाँखेल भक्तपुरमा अवस्थित श्री आजाद माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि एक कार्यक्रका बिच मिति २०८०/०२/२२ गतेका दिन विद्यालय झोला तथा आवश्यक शैक्षिक सामाग्री हस्तान्तरण गरेको थियो।

## शुभश्री बैकल्पिक महिला विद्यालयलाई वाटर डिस्पेन्सर हस्तान्तरण



बैंकको महाराजगंज शाखाले टोखा नगरपालिका वडा नं ७ काठमाडौंमा अवस्थित श्री शुभश्री बैकल्पिक महिला विद्यालयलाई मिति २०८०/०१/११ गतेका दिन वाटर डिस्पेन्सर तथा विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि आवश्यक शैक्षिक सामाग्री हस्तान्तरण गरेको थियो ।

## जिल्ला प्रहरी कार्यालय कैलालीलाई आर्थिक सहयोग



बैंकको धनगढी शाखाले जिल्ला प्रहरी कार्यालय, कैलालीलाई धनगढीको सार्वजनिक सुरक्षा, अमनचयन कायम राख्न, सम्भावित अपराधको रोकथाम तथा नियन्त्रण गर्न जडान गरिएका सि.सि. क्यामराहरु बिग्रिएकाले उक्त क्यामराहरुको मर्मत कार्य लागि मिति २०८०/०१/०३ गतेका दिन आर्थिक सहयोग प्रदान गरेको थियो ।

## ग्राहकहरुलाई विभिन्न संस्थाका सेवाहरुमा विशेष छुट

बैंकले स्वास्थ्य, होटल तथा रेष्टुरेन्ट साथै कला क्षेत्रका संस्थासँग समन्वय गरी अगाडि बढ्ने अभिप्रायका साथ विभिन्न स्थानमा अवस्थित संस्थाहरुसँग सम्झौता गरेको थियो । महालक्ष्मी विकास बैंकका डेविट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग प्रयोग गर्ने ग्राहकहरुले उक्त संस्थाहरुका विभिन्न सेवाहरुमा विशेष छुट प्राप्त गर्न सक्नेछन् । बैंकका ग्राहकहरुले विशालनगर, काठमाडौंमा अवस्थित Arogin Health Care का विभिन्न सेवाहरुमा ५% देखि अधिकतम ४५% (hair transplant & hair fall treatment), इटहरी, सुनसरीमा अवस्थित Hotel Pathibhara International का सेवाहरुमा १०%, मैतिदेवी काठमाडौंमा अवस्थित Buingal Lounge & Bar का सेवाहरुमा १५%, लाजिम्पाट, काठमाडौंमा अवस्थित Yellow Hatti का सेवाहरुमा अधिकतम १०%, इटहरी ०६, सुनसरीमा अवस्थित Burger House & Crunchy Fried Chicken का सेवाहरुमा अधिकतम १०% र मैतिदेवी, काठमाडौंमा अवस्थित Burger House & Crunchy Fried Chicken का सेवाहरुमा १०% को छुट प्राप्त गर्न सक्नेछन् ।













**Chief Advisor**

CEO

**Advisory Committee**

Senior Management Team

**Co-ordinattor**

Head-Corporate Communication Department

**Editorial Committee**

HOD- Compliance

HOD- Credit

HOD- Finance

**Script Writing & Layout**

Corporate Communication Department

**Published By**

Mahalaxmi Bikas Bank Ltd.



महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.

2nd Floor Annapurna Arcade II
Durbarmarg, Kathmandu, Nepal
Phone No.: +977-01-5368719, 5368720
Toll Free No.: 16600115015
Email: info@mahalxmibank.com.np
Website: www.mahalaxmibank.com